# भाग ५

## नेपाल सरकार

## शहरी विकास मन्त्रालयको

## सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम आदेश जारी गरेकोले सोही दफाको (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छः-

(क) शहरी विकास मन्त्रालय मातहतका निकायहरूबाट विगत आर्थिक वर्षमा सञ्चालित तथा आर्थिक वर्ष २०८१/८२ को अवधि वा सो भन्दा अघि नै निर्माण सम्पन्न भएका कार्यक्रमहरूको भुक्तानी दायित्व बाँकी रहेको तथा सम्बन्धित निकायहरूबाट म.ले.प. फाराम नं. २२१ प्रमाणित गरिएको अवस्थामा चालु आर्थिक वर्षमा २०८२/८३ को बजेट तथा कार्यक्रममा क्रियाकलाप थप गरी रकमान्तरमार्फत बाँकी रहेको दायित्व फरफारक गर्ने।

(ख) शहरी विकास मन्त्रालय मातहतका निकायहरूबाट विगतका आर्थिक वर्षमा निर्माण सुरुवात भई हाल निर्माणाधीन अवस्थामा रहेको तथा आर्थिक वर्ष २०८२/८३ को मन्त्रालयस्तरीय बजेट सूचना प्रणालीमा प्रविष्टि छुट भएको कार्यक्रमहरू चालु आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रममा क्रियाकलाप थप गरी रकमान्तर मार्फत सिर्जित दायित्व भुक्तानी गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) शहरी विकास मन्त्रालय मातहतका निकायहरूबाट विगत आर्थिक वर्षमा क्रमागत तथा बहुवर्षिय रूपमा सञ्चालन भएको तथा तत्कालीन बहुवर्षिय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड बमोजिम अर्थ मन्त्रालयबाट स्रोत सहमति लिनुपर्ने अवस्था नरही उक्त मापदण्ड बमोजिम ठेक्का सम्झौता भएको कार्यक्रमको चालु आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रममा विनियोजित बजेट नपुग भएमा रकमान्तर मार्फत बजेट व्यवस्थापन गर्ने।

**आज्ञाले,**
**गोपाल प्रसाद सिग्देल**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.३५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।